# फाल्गुनन्द गाउँपालिका आर्थिक ऐन, २०७९

## गाउँसभाबाट पारित मिति २०७९/०३/१०

## फाल्गुनन्द गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## १ नं. प्रदेश नेपाल

# फाल्गुनन्द गाउँपालिका आर्थिक ऐन, २०७९

**फाल्गुनन्द गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन**

**प्रस्तावनाः** फाल्गुनन्द गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्न, छुट दिन तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम फाल्गुनन्द गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम फाल्गुनन्द गाउँपालिका आर्थिक ऐन, २०७९ रहेको छ।

(२) यो ऐन २०७९ साल श्रावण १ गतेदेखि फाल्गुनन्द गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः**

(१) गाउँभित्र वसोवास गर्ने वा गाउँभित्र सम्पति भएका कुनै व्यक्तिको स्वामित्वमा रहेका सम्पूर्ण घर जग्गाको आकार, प्रकार, बनोट, उपयोग, उत्पादनशिलता, जीवनस्तर, आर्थिक स्तर, कर तिर्ने क्षमता, सम्पतिको बजारमूल्य तथा ह्रास मूल्य र अन्य आधारमा हिसाब गरी सम्पतिकर लगाइने छ । सम्पति करका लागि राजश्व परामर्श समितिले मापदण्ड बनाएर कार्यपालिकामा सिफारिस गरी सभाबाट स्वीकृति लिएर आवश्यक व्यवस्थापन गर्न सक्नेछ ।

(२) सम्पति कर गणना गर्न घरजग्गा संरचना, तिनबाट हुने आय, भौतिक सम्पति तथा अन्य कार्यबाट हुने बार्षिक आयसमेतलाई आधार वनाउन सकिनेछ ।

(३) **अनुसूची-२०** तथा **अनुसूची-१** बमोजिम जग्गा तथा घरको मुल्यांकन गरी कर लगाउन अनुसार **अनुसूची-१** मा तोकिए बमोजिम सम्पति करका दर निर्धारण गरिएको छ ।

३. **भूमि कर (मालपोत)**: (१) फाल्गुनन्द गाउँपालिका क्षेत्रभित्रका जग्गाको उपयोग तथा क्षेत्र तोकी वर्गीकरण गरी भुमिकर/मालपोत लगाउन पाउने व्यवस्था गर्न सकिनेछ ।

(२) कृषि र गैरकृषि एवं ग्रामीण र शहरी जग्गा वर्गीकरण गरी भुमिकर वा मालपोत लगाइने छ ।

(३) **अनुसूची २** मा निर्धारण गरिए अनुसार भुमिकर/मालपोत लगाईनेछ ।

४. **घर जग्गा वहाल करः**

(१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएको भए त्यस्तो वहाल रकममा बहाल कर लगाइनेछ ।

(२) गाउँपालिकाको शहरी र ग्रामीण क्षेत्रका घर जग्गाहरूको प्रति वर्गमिटर न्युनतम वहाल रकम निर्धारण गरिनेछ ।

(३) घरबहाल लगाए वा नलगाएको अभिलेख संकलन गरि बहाल कर लगाउने व्यवस्था गरिनेछ ।

(४) अनुसुची-**३** बमोजिम बहाल कर लगाउने गरी दर निर्धारण गरिनेछ ।

५. **व्यवसाय करः**

(१) गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाइने छ ।

(२) कुनै पनि व्यापार व्यावसायमा दर्ता गर्दाका वखत पुँजीगत लगानी जे जति निर्धारण गरिएको छ, त्यो अनुसार न्युनतम कर निर्धारण गरी लगाउन सकिनेछ ।

(३) बार्षिक रूपमा कारोबारको स्वेच्छिक घोषणा करदाता स्वयंलाई गर्न लगाई त्यसमा थप कर *प्रति लाख कारोवारमा रू १* लगाउन सकिनेछ ।

(४) करदाताले स्वयं आय र कर घोषणा गरी गाउँपालिकालाई आ.व. समाप्त भएको ३ महिना भित्र व्यावसाय कर बुझाउन सक्ने व्यवस्था गर्न सकिनेछ ।

(५) व्यवसाय दर्ता तथा नविकरण करको दर अनुसूची-४ बमोजिम निर्धारण गरिएको छ ।

६. **बहाल बिटौरी शुल्कः**

(१) गाउँपालिका क्षेत्रभित्र गाउँपालिका आफैले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार वा पसल वा सरकारी जग्गा बनेका संरचनाको उपयोग गरेबापत बहाल बिटौरी शुल्क लगाउन पाउने छ ।

(२) बहाल विटौरीको प्रति वर्गमिटर दर निर्धारण गरी लगाउन सकिनेछ ।

(३) **अनुसूची-५** बमोजिम शुल्कको दर निर्धारण गरि लगाउने व्यवस्था गरिनेछ ।

७. **पार्किङ शुल्कः**

(१) गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत पार्किङ शुल्क लगाइनेछ ।

(२) निश्चित पार्किङस्थल तोकी वा सडक आसपास पार्किङ गर्नेलाई वा वसपार्कमा पार्किङ गरेवापत कर लगाउन सकिनेछ ।

(३) **अनुसूची-६** मा उल्लेख भएबमोजिमको शुल्क निर्धारण गरी पार्किङ शुल्क लगाइनेछ ।

८. **जडिवुटी, कवाडी र जीवजन्तु करः**

(१) गाउँपालिकाक्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, बनकस, कवाडीमाल कानून बमोजिम निषेधित बाहेकका मृत वा मारिएका जीवजन्तुको हाड, सीङ, प्वाख, छाला वा यस्तै प्रकारका वस्तुको व्यावसायिक उपयोग वा ढुवानी वा कारोवार गरेबापत जडिवुटी, कवाडी र जीवजन्तु कर लगाइनेछ ।

(२) व्यावसाय करका अतिरिक्त परिमाणका आधारमा **निकासी कर** लगाउन **अनुसूची ७** बमोजिमको करका दर निर्धारण गरी लगाइनेछ ।

९. **सेवा शुल्कः**

(१) गाउँपालिकाले स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यावसायमा सेवा शुल्क लगाइनेछ ।

(२) गाउँपालिकाले निर्माण, सञ्चालन र व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको कुनै सेवाको उपयोग गरेबापत सम्बन्धित सेवाप्रदायक वा सेवाग्राहीलाई सेवाशुल्क लगाउन पाउनेछ । जस्तोः पानी, विजुली, धारा, अतिथीगृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, ढल निकास, सडकवत्ती, शौचालय, पार्क, पौडीपोखरी, व्यायामशाला, होष्टल, हाटबजार, पशुवधशाला, शवदाहगृह, धोवीघाट, सडक, वसपार्क, पुल, मूल्याङ्कन सेवा वा सिफारिस सेवा आदि ।

(३) यस शिर्षक भित्र आ.व. २०७९/८० मा देहाय अनुसारका कर लगाउन ति करका दर निर्धारण गरिएको छ ।

क) **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका टाँगा, रिक्सा, अटो रिक्सा, विद्युतीय रिक्सा, ई रिक्सा, पावरटिलरमा सवारी साधन कर प्रदेश कानून बमोजिम **अनुसूची-८** अनुसारको दरमा लगाइनेछ ।

ख) **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र राखिने होर्डिङ वोर्ड व्यानर फ्लेक्स वा अन्य कुनै पनि प्रकारका विज्ञापन गरेवापत त्यसको साइज अनुसार दररेट निर्धारण गरी सो सेवाका लागि क्षेत्र उपलब्ध गराएवापत विज्ञापनकर **अनुसूची-९** मा तोकिएबमोजिम लगाइनेछ ।

ग) मनोरन्जन करः गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्थाले सञ्चालन गर्ने मनोरञ्जनका कार्यक्रमहरूमा अनुसूची-१० बमोजिम कर लगाइनेछ ।

घ) सिफारिस दस्तुरः गाउँपालिकाबाट गरिने विभिन्न प्रकारका सिफारिसका लागि सेवाग्राहीबाट सिफारिस दस्तुर अनुसूची-११ बमोजिम असुल गरिनेछ ।

ङ) घर नक्सा पास दस्तुर : गाउँपालिका क्षेत्रभित्र घर निर्माण गर्नु पर्दा गाउँको अनुमति लिइ गर्नु पर्ने व्यवस्था अनुसार सो कार्यका लागि अनुसूची-१२ बमोजिम घर नक्सा पास दस्तुर लगाइनेछ ।

च) सरसफाइ शुल्क :गाउँपालिका भित्र सरसफाइ सेवा उपलब्ध गराएवापत हरेक घरधुरीलाई अनुसूची-१३ बमोजिम सरसफाइ शुल्क लगाइ असुल उपर गरिनेछ ।

छ) सडकबत्ती शुल्कः गाउँपालिका भित्र सडकवत्ती सेवा उपलब्ध गराएवापत हरेक

ज) घरधुरीलाई अनुसूची-१४ सडकवत्ती सेवा शुल्क लगाइ असुल उपर गरिनेछ ।

झ) **भाडा तथा विक्रि कर** : गाउँपालिकाबाट उपलब्ध गराइने विभिन्न प्रकारका सेवा तथा वस्तुको भाडा वा सेवा तथा वस्तु विक्रि सम्बन्धी कर **अनुसूची-१५** बमोजिम हुनेछ ।

ञ) **व्यक्तिगत घटना दर्ता दस्तुर** : गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्तिको व्यक्तिगत घटना दर्ता गर्नुपरेमा अनुसूची-१६ बमोजिमको दस्तुर लगाइनेछ ।

ट) **नाता प्रमाणित दस्तुर :** गाउँपालिकाका कुनै पनि व्यक्तिले अर्को व्यक्तिसंग नाता प्रमाणित गरिदिन आवेदन दिएमा सो को प्रमाणपत्र उपलब्ध गराउन पर्दा अनुसूची-१७ बमोजिम दस्तुर लगाइनेछ ।

ठ) **पूर्वाधार उपभोग सेवा शुल्कः** गाउँपालिकाबाट निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचीमा उल्लेख भएका स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा लगाइने शुल्क **अनुसूची-१८** बमोजिम हुनेछ

ड) **शिक्षा सम्बन्धी आयः** गाउँपालिकाभित्रको शिक्षा सम्बन्धी सेवा उपलब्ध गराउनुपर्दा **अनुसूची -१९** वमोजिम शुल्क दस्तुर कर लगाइनेछ ।

१०. फाल्गुनन्द गाउँपालिका क्षेत्र भित्रको जग्गा सम्पति कर वा मालपोत वा भुमीकर वा जग्गा रजिष्ट्रेशन शुल्क प्रयोजनका लागि जग्गा मुल्यांकन **अनुसूची-२०** बमोजिम हुनेछ ।

११. **विशेष व्यवस्थाः** कुनै पनि कर शुल्क दस्तुर महसुल **छुटको व्यवस्था अनुसूची २१** अनुसार हुनेछ ।

१२. **अन्य** संभाव्य करहरूको दर निर्धारण गरी राजश्व परामर्श समितिको सिफारिसमा कार्यपालिकाको स्वीकृति र सभाबाट पारित गरी लगाउन सकिनेछ ।

१३. यो ऐनको संशोधन वा परिमार्जन सभाबाट हुनेछ ।

**निर्माण** सामाग्रीहरुको **प्रयोगशाला परीक्षण शुल्क :** गाउँपालिकाले निर्माण सामाग्रीहरुको प्रयोगशाला परीक्षण सेवा उपलब्ध गराएवापत **अनुसूची-२२** बमोजिम सेवा शुल्क लगाइ असुल उपर गरिनेछ ।

## अनुसूची १
## सम्पति करको दर (११३१३)
## आ.व. २०७९/८०

| क सं. | विवरण | सम्पति कर प्रतिलाख सम्पतिमा | | करको औषत हद/सीमा |
|---|---|---|---|---|
| १ | रू १ देखि ३ लाख सम्म | २० | पचास रूपैया मात्र | ५०-१५० |
| २ | रू ३ लाख १ देखि १० लाख सम्म | ३० | साठी रूपैया मात्र | २४०-६०० |
| ३ | रू १० लाख १ देखि २० लाख सम्म | ४० | सत्तरी रूपैया मात्र | ७१०-१४०० |
| ४ | रू २० लाख १ देखि ५० लाख सम्म | ५० | असी रूपैया मात्र | १६८०-४००० |
| ५ | रू ५० लाख १ देखि १ करोड सम्म | ६० | नब्बे रुपैया मात्र | ४५९०-९००० |
| ६ | रू १ करोड १ देखि १ करोड ५० लाख सम्म | ७० | एकसय रूपैया मात्र | १०१००-१५००० |
| ७ | रु १ करोड ५० लाख १ देखि २ करोड सम्म | ८० | एकसय दस रूपैया मात्र | १६६१०-२२००० |
| ८ | रु २ करोड १ देखि २ करोड ५० लाख सम्म | ९० | एकसय वीस रूपैया मात्र | २४१२०-३०००० |
| ९ | रू २ करोड ५० लाख १ देखि ३ करोड सम्म | १०० | एकसय तिस मात्र | ३२६३०-३९००० |
| १० | रू ३ करोड १ देखि ३ करोड ५० लाख सम्म | ११० | एकसय चालिस मात्र | ४२१४०-४९००० |
| ११ | रू ३ करोड ५० लाख १ देखि ४ करोड सम्म | १२० | एकसय पचास मात्र | ५२६५०-६०००० |
| १२ | रू ४ करोड १ देखि ४ करोड ५० लाख सम्म | १३० | एकसय साठी मात्र | ६४१६०-७२००० |
| १३ | रू ४ करोड ५० लाख १ देखि ५ करोड सम्म | १४० | एकसय सत्तरी मात्र | ७६६७०-८५००० |
| १४ | रू ५ करोड १ देखि माथि प्रतिलाख रू १८० का दरले सम्पति कर लाग्ने । | | | ९०१८०-.......... |

| | |
|---|---|
| | **सम्पत्ति कर बुझाउने म्याद र जरिमानाः**<br>हरेक आ.व.को असोज मसान्त सम्म कर बुझाउन पर्नेछ ।<br>असोज मसान्त भित्र नबुझाए कारण सहित निवेदन दिनुपर्नेछ ।<br>मनासिब कारण भए गाउँपालिकाले पौष मसान्तसम्म म्याद थप गर्न सक्नेछ<br>पौष मसान्त पछि हरेक वर्षको लागि थप ५ प्रतिशत जरिवाना लाग्दै जानेछ |
| | **सम्पत्ति कर छुटः**प्रत्येक आ.व. को शुरूको १ महिनाभित्र बुझाउनेलाई १० प्रतिशत छुट दिइनेछ । |
| | सम्पत्ति करको मूल्यांकनका लागि घर तथा जग्गा र व्यावसायको ख्याती (Goodwill) आदिको मूल्यांकनका आधारहरूलाई यथावत राखिएको छ । जग्गाको मूल्याङ्कन मालपोत कार्यालयले कायम गरेको न्यूनतम मूल्यांकनलाई नै आधार मानिनेछ । सम्पत्ति कर प्रयोजनको लागि घर जग्गा मुल्यांकन **अनुसूची २१** बमोजिम हुनेछ । |

### सम्पतिकर प्रयोजनका लागि घरको मुल्यांकन

| **क्र.स.** | **विवरण** | **रकम रू. (प्रति वर्ग फुट)** |
|---|---|---|
| १ | आर.सि.सि. फ्रेम स्टक्चर भएको | १६०० |
| २ | पिलर विनाको पक्की घर | १२०० |
| ३ | सिमेन्ट इटाको जोडाई टिन टायलको छाना | ८०० |
| ४ | ढुङ्गा, माटोको गारो, टिन टायलको छाना | ६०० |
| ५ | ढुङ्गा माटोको गारो फुसको छाना | ५०० |
| ६ | काठको घर टिनको छाना | ४०० |
| ७ | काठको घर फुसको छाना | ३०० |
| ८ | सेड वा टहरा | २५० |
| ९ | टाटिले बनेको टिन वा फुसको छाना भएको घर | २०० |

## अनुसूची- २

### मालपोत तथा भूमिकर (११३१४)

| सि.नं. | जग्गाको हद | मालपोत/भुमीकरको दर ( रू. प्रतिरोपनी) | | | | |
|---|---|---|---|---|---|---|
| | | शहरी क्षेत्र | | ग्रामीणक्षेत्र | | |
| | | आवासीय /व्यावसायिक जग्गा | कृषि जग्गा | आवासीय /व्यावसायिक जग्गा | कृषि जग्गा | भीरपाखा खरवारी |
| क | १-५ रोपनीसम्म | १० | ५ | १२ | ५ | ५ |
| ख | ५-१० रोपनी सम्म | १५ | १० | १५ | १० | १० |
| ग | १०-२० रोपनीसम्म | २० | १५ | १८ | १५ | १२ |
| घ | २१ रोपनीदेखि ५० रोपनीसम्म | २५ | २० | २१ | २० | १५ |
| ङ | ५१ रोपनी देखि माथि | ३० | २५ | २५ | २५ | १८ |
| च | बिलम्ब शुल्क थप | प्रतिवर्ष १० प्रतिशतका दरले विलम्ब दस्तुर थप हुदै जाने । खेतीयोग्य जग्गा बाँझो राखेको पाइएमा थप १५ प्रतिशत मालपोत जरिवाना लिइनेछ । | | | | |

नोटः

१. शहरी क्षेत्रका जग्गा भन्नाले फाल्गुनन्द गाउँपालिका भित्र पिच सडकले जोडेका क्षेत्र तथा ६ मिटर भन्दा वढी चौडा १२ महिना नै सवारी साधन चल्न सक्ने सडकले छोएका २०० मिटर सम्मका शहरी जग्गा वा शहरोन्मुख बजारक्षेत्रका घरघडेरीको रूपमा रहेका जग्गाहरूलाई मानिनेछ । ठूला कित्तामा रहेका र वसोवास प्रयोजनका लागि छुट्याइएका जग्गा समेत शहरीक्षेत्रका जग्गा मानिनेछ । सामान्यतः प्रतिआना १ लाख माथि मूल्याङ्कन कायम भएका जग्गा यस वर्गमा राखिनेछ ।

२. ग्रामीण क्षेत्रका जग्गा भन्नाले १२ महिनै सवारीसाधन चल्न नसक्ने ६ मिटर भन्दा कम चौडा बाटोमा भएका क्षेत्रका जग्गाहरूलाई भनिनेछ । प्रति आना रू १ लाख भन्दा कम मूल्याङ्कन भएका जग्गा यस वर्गमा राखिनेछ ।

३. व्यावसायिक जग्गा भन्नाले कुनैपनि व्यावसायिक कार्यका लागि उपयोग भएका वा उद्योग व्यावसाय वा व्यापारिक प्रयोजनका लागि खेती गरिएका जग्गालाई बुझिनेछ । जस्तोः चिया, अलैची जस्ता नगदे बाली खेती गरिएका वा भेनियर वा गोदामघर वा कोल्ड स्टोर वा अन्य कुनै पनि प्रकारका उद्योग व्यावसाय स्थापना र सञ्चालन भएका जग्गाहरू ।

४. कृषि जग्गा भन्नाले व्यावासयिक खेती बाहेकका अन्य जीवनयापन र घरायसी प्रयोजनका लागि वा खाद्यान्न बाली खेती गर्ने जग्गाहरूलाई बुझाउने छ ।

५. भीरपाखा खरवारी भन्नाले घाँसदाउरा गरिने तर कुनै खेती गर्न नसकिने जग्गालाई बुझाउनेछ ।

## अनुसूची ३

### घर/जग्गा वहाल कर (११३२१)

| | | | | |
|---|---|---|---|---|
| | **घर बहाल कर वहाल रकमको** | | | **१०%** |
| | फाल्गुनन्द गा.पा.क्षेत्रभित्रका घर भाडा प्रयोजनको लागि कोठा तथा सटरहरुको बहालमा १०% का दरले कर लगाई असुल उपर गरिनेछ । | | | |
| | बहाल कर असुली गर्न सडक वर्गीकरण अनुसार ति सडक आसपास वनेका घर तथा कोठा र व्यापारिक सटरको मासिक न्यूनतम घर बहालको दर निर्धारण गरी वार्षिक वा मासिक घरबहाल कर सोही वहाल दरका आधारमा असुल उपर गरिनेछ । | | | |
| | सडक वर्गीकरण | घर प्रकार | वहाल दर सटर | वहाल दर भित्रिकोठा |
| क | मेची राजमार्गसंग जोडिएका बजारक्षेत्रका घरहरू | पक्की<br>कच्ची | १५००<br>१२०० | १२००<br>१००० |
| ख | ५ मी माथि ग्राभेल सडक आसपासका घरहरू | पक्की<br>कच्ची | १०००<br>८०० | ९००<br>८०० |
| ग | ५ मी भन्दा कम चौडा ग्राभेल सडक आसपासका घरहरू | पक्की<br>कच्ची | ८००<br>७०० | ७००<br>५०० |
| घ | गा.पा. क्षेत्रभित्र अन्य सडक आसपासका सबै प्रकारका घरहरू | दुवै | ३०० | २०० |

१. बहालमा वसेका व्यक्ति र घरधनीको लगत संकलन गरिनेछ । घरवहाल लगाउने र वस्ने दुवैपक्षवीचको संझौता गराइनेछ । वहालवाला र घरधनीको अभिलेख पद्धतिमा प्रविष्टी गरिनेछ । घरवहाल छोडेको भए घरधनी र वहालवाला दुवैको दस्तखत भएको आवेदन वडामा दिनुपर्नेछ । वडाबाट सरजमिन गरिनेछ । सरजमिन र आवेदन झुठा ठहरे सो गर्नेलाई वहालकरको १०० प्रतिशत जरिवाना लाग्नेछ ।

२. सामान्यतया सटर र कोठाको साइज १०*१० को बहाल दर यस अनुसार हुनेछ । यस भन्दा वढी साइज भएको क्षेत्रफलको सोही दर अनुसार अनुपातिक वहालदर कायम गरिनेछ ।

## अनुसूची -४

### व्यवसाय रजिष्ट्रेसन तथा नविकरण दस्तुर (११६१३) वार्षिक

| क्र.स. | विवरण | दर्ता शुल्क | वार्षिक व्यवसाय कर/५ लाख भन्दा माथि | नवीकरण शुल्क |
|---|---|---|---|---|
| १. | **खाद्य तथा किराना पसल** | | | |
| क | किराना थोक पसल | ३०० | १२०० | १०० |
| ख | मुख्य सडकमा रहेको किराना खूद्रा पसल | १०० | १००० | १०० |
| ग | भित्री सडकमा रहेका साना किराना पसल | १०० | ३०० | १०० |
| घ | भित्री सडकमा रहेका साना किराना पसल (घुम्ती पसल) | १०० | ३०० | १०० |
| २. | **जुत्ता चप्पल पसल** | | | |
| क | कपडा तथा फेन्सी थोक पसल | ३०० | १२०० | १०० |
| ख | कपडा तथा फेन्सी खूद्रा पसल | १०० | १००० | १०० |
| ग | जुत्ता चप्पल थोक बिक्रि | १०० | १२०० | १०० |
| घ | जुत्ता चप्पल खुद्रा बिक्रि | १०० | १००० | १०० |
| ३. | **भाडा पसल, किचन सामाग्री** | | | |
| क | भाडा तथा किचन सामाग्री थोक पसल | ३०० | १००० | १०० |
| ख | भाडा तथा किचन सामाग्री खुद्रा पसल | १०० | ७५० | १०० |
| ४. | **होटल एण्ड लज** | | | |
| क | होटल एण्ड लज श्रेणी क | १००० | ३००० | १०० |
| ख | होटल एण्ड लज श्रेणी ख | १००० | २५०० | १०० |
| ग | होटल एण्ड लज श्रेणी ग | ७०० | २००० | १०० |
| घ | सामान्य होटल | ३०० | १००० | १०० |
| ङ | भोजनालय | ३०० | १००० | १०० |
| च | रेष्टूरेण्ट/बार | ५०० | २००० | १०० |
| छ | मुख्य सडकमा भएको मिष्ठान्न पसल | ५०० | १००० | १०० |
| ज | सहायक सडकमा रहेको मिष्ठान्न पसल | ३०० | ८०० | १०० |
| झ | मुख्य सडकमा रहेको चिया कफि पसल | ३०० | ५०० | १०० |
| ञ | भित्री बाटोहरुमा चिया पसल | २०० | ४०० | १०० |
| ट | मादक पदार्थ बिक्री गर्ने पसल तथा खाना खुवाउने | ५०० | १००० | १०० |
| ठ | मादक पदार्थ बिक्री मात्र गर्ने पसल | ५०० | १५०० | १०० |
| ५. | **निर्माण सामग्री तथा विद्युत सामाग्री पसल** | | | |
| क | हार्ड वेयर/मेशिनरी/पेन्ट तथा मार्बल थोक पसल | ५०० | २००० | १०० |
| ख | हार्ड वेयर/मेशिनरी/पेन्ट तथा मार्बल खुद्रा पसल | ५०० | १५०० | १०० |
| ग | विद्युत सामाग्री पसल | ३०० | १२०० | १०० |
| घ | ग्लास हाउस आल्मुनियम फ्रेमिङ | ५०० | १५०० | १०० |
| ङ | सिसापसल | ३०० | ८०० | १०० |
| ६. | **सुनचाँदी तथा गरगहना बनाउने पसल** | | | |
| क | सुनचाँदी पसल होलसेल | ५०० | ३००० | १०० |

| | | | | |
|---|---|---|---|---|
| ख | सून चादी पसल खुद्रा | ५०० | १५०० | १०० |
| ग | सुनचाँदिका गहना बनाउने कालिगण सेवा मात्र | ३०० | १२०० | १०० |
| ७. | स्टेशनरी, पूस्तक तथा मनिहारी पसल | | | |
| क | स्टेशनरी तथा पुस्तक थोक | ५०० | १५०० | १०० |
| ख | स्टेशनरी तथा पुस्तक खूद्रा (ख) | ५०० | १२०० | १०० |
| ग | स्टेशनरी तथा पुस्तक खूद्रा (ग) | २०० | १००० | १०० |
| घ | कस्मेटिक थोक पसल | ३०० | १००० | १०० |
| ङ | कस्मेटिक खुद्रा पसल | २०० | १००० | १०० |
| च | धागो टाँक फस्नर थोक पसल | ३०० | १२०० | १०० |
| छ | धागो टाँक फस्नर खुद्रा पसल | २०० | ९०० | १०० |
| ८. | माछा, मासु विक्री पसल | | | |
| क | फ्रेस हाउस कुनै २ वटा एकै स्थानमा भएमा | ५०० | १००० | १०० |
| ख | रांगा, खसी, सुंगुर, कुखुरामध्ये कुनै १ वटा सेवा भएको | ५०० | १००० | १०० |
| ग | ताजा माछा, सिद्रा विक्री पसल | २०० | १००० | १०० |
| घ | अण्डा विक्री पसल | २०० | १००० | १०० |
| ङ | गाइगोरु, रांगाभैंसी, खसीबोका संकलन वा विक्रि | ५०० | १००० | १०० |
| ९. | औषधी व्यवसाय | | | |
| क | औषधी थोक तथा डिस्ट्रिव्युटर्स | ५०० | २००० | १०० |
| ख | औषधी पसल चिकित्सक राखि व्यवसाय गरेको | ५०० | १२०० | १०० |
| ग | औषधी खूद्रा पसल मेडिकल हल | ३०० | १००० | १०० |
| घ | आयूर्वेदिक/होम्योपेथिक औषधी पसल | ३०० | १००० | १०० |
| ङ | एग्रोभेट थोक पसल | ३०० | १२०० | १०० |
| च | एग्रोभेट खूद्रा पसल | ३०० | १००० | १०० |
| १०. | सूचीकार (सिलाई) पसल | | | |
| क | सर्टिङ सुर्टिङ सहितको टेलरिङ व्यवसाय | २०० | १००० | १०० |
| ख | बुटिक ल्याब्रटोरी | २०० | १००० | १०० |
| ग | नोटः हाते मेसिन राखि सिलाई गर्ने । | २०० | १००० | १०० |
| ११. | इलेक्ट्रोनिक विक्री पसल | | | |
| क | मोवाइल कम्पनी सेल्फ उपशाखा, डिस्ट्रिव्युटर्स | ५०० | २००० | १०० |
| ख | फ्रिज, टि.भि., डेक, तथा पार्ट विक्री पसल | ५०० | १२०० | १०० |
| ग | मोबाईल बिक्री पसल अडियो, भिडियो क्यासेट पसल सिडी समेत | ५०० | १००० | १०० |
| घ | मोबाईल मात्र बिक्रि पसल | ५०० | १००० | १०० |
| ङ | अडियो, भिडियो क्यासेट पसल सिडी मात्र | २०० | ८०० | १०० |
| च | अडियो भिडियो छायाँकंन मिक्सिङ | ५०० | १५०० | १०० |
| छ | विद्युतिय सामाग्री होलसेल पसल | ५०० | १५०० | १०० |
| ज | विद्युतिय सामाग्री खुद्रा पसल | ५०० | १२०० | १०० |

| | | | | |
|---|---|---|---|---|
| झ | ढुवानी व्यवसाय दर्ता | ५०० | १२०० | १०० |
| १२. | मर्मत तथा संभार सेवा प्रदायक व्यवसाय | | | |
| क | ईन्जिन मर्मत (हेभी) बस, ट्रकको वर्क सप | ७५० | २५०० | १०० |
| ख | जीप, कार तथा ट्याक्टर मर्मत तथा सर्भिसिग | ७५० | २००० | १०० |
| ग | मोटरसाईकल मर्मत | ५०० | १५०० | १०० |
| घ | टि.भी., डेक, मोबाईल, फ्रिज मर्मत सेवा | ५०० | १००० | १०० |
| ङ | इलेक्ट्रोनिक मर्मत सेवा | ५०० | १५०० | १०० |
| च | रेडियो, घडी, क्याल्कूलेटर, प्रेसर कुकर, हिटर तथा अन्य सानो विद्युत समान मर्मत पसल | २०० | ७५० | १०० |
| छ | रिक्सा, साईकल मर्मत | ५०० | ५०० | १०० |
| ज | सवारी साधन सर्भिसिंग (सवारी धुलाई) | ५०० | १००० | १०० |
| झ | फमाल जस्तापाताको सामाग्री वनाउने तथा मर्मत गर्ने | ५०० | १००० | १०० |
| ञ | टायर रिसोलिङ, टायर मर्मत, हावा भर्ने पंक्चट हाल्ने समेत | ५०० | ५०० | १०० |
| ट | टायल मार्वल प्लम्बिङ लगायतका निर्माण र मर्मत सेवा | ५०० | ५०० | १०० |
| ठ | कुनै पनि मजदुरले परिचयपत्र माग गरेमा परिचयपत्र दिन (सम्बन्धित दर्तावाला संस्थाको सिफारिसमा दिन सकिने) | ५०० | ५०० | १०० |
| १३. | सवारी साधन एजेन्सी, थोक विक्री पसल तथा पार्टपुर्जा पसल | | | |

| | | | | |
|---|---|---|---|---|
| क | बस, ट्रक, ट्रयाक्टर जिप, कार प्रति डिलर | ५०० | १५०० | १०० |
| ख | मोटरसाइकल डिलर | ५०० | १२०० | १०० |
| ग | साईकल निर्माण तथा बिक्री | ५०० | १००० | १०० |
| १४ | सञ्चार सेवा | | | |
| क | कलरल्याव सेवा | ५०० | १००० | १०० |
| ख | फोटो स्टडियो सेवा | ५०० | ८०० | १०० |
| ग | टि.भि. च्यानल प्रशारण सेवा | ५०० | २००० | १०० |
| घ | केबुल च्यानल प्रशारण सेवा | ५०० | २००० | १०० |
| ङ | सामुदायिक एफ.एम.प्रशारण सेवा | ५०० | १००० | १०० |
| च | फोटोकपि/पी.सी.ओ., साइवर क्याफे सेवा | ५०० | १००० | १०० |
| छ | कुरियर सेवाको मुख्य कार्यालय | ५०० | १००० | १०० |
| ज | कम्प्युटर सप्लायर्स | ५०० | १००० | १०० |
| झ | कुरियर सेवाको शाखा कार्यालय | ५०० | ८०० | १०० |
| १५ | ड्राइक्लिनिक धोवि पसल | | | |
| क | ड्राइक्लिनिक पसल | ५०० | १००० | १०० |
| १६ | सैलुन तथा ब्युटीपार्लर सेवा | | | |
| क | ब्युटी पार्लर सेवा ब्युटिशियन तालिम सहितको | ५०० | १००० | १०० |
| ख | ब्युटी पार्लर सेवा तालीम बाहेकको | २०० | ५०० | १०० |
| ग | सैलून २ सीट माथि | ३०० | १००० | १०० |
| घ | सैलून २ सीट सम्म | २०० | ५०० | १०० |
| १७ | मदिरा, सूर्तीजन्य, हल्का पेय पसल | | | |
| क | चूरोट, विडी, सुर्तीजन्य | ५०० | २००० | १०० |

| | | | | |
|---|---|---|---|---|
| | पदार्थको डिलर पसल | | | |
| ख | चूरोट, विडी, सुर्तीजन्य पदार्थको थोक पसल | ३०० | १२०० | १०० |
| ग | चूरोट, विडी, सुर्तीजन्य पदार्थको खुद्रा पसल | ३०० | १००० | १०० |
| घ | हल्का पेय पदार्थको डिलर डिस्ट्रिब्युटर | ५०० | १२०० | १०० |
| ङ | हल्का पेय पदार्थको खूद्रा पसल | ३०० | १००० | १०० |
| १८ | **चियापत्ती बित्रेता** | | | |
| क | चियापत्ती बिक्रेता | २०० | १००० | १०० |
| ख | चिया प्याकिङ्ग गरि बिक्री गर्ने | २०० | १००० | १०० |
| १९ | **बित्तीय सेवा** | | | |
| क | वाणिज्य बैंक प्रति शाखा कार्यालय | १००० | १०००० | १०० |
| ख | बिकास बैंक प्रति केन्दीय कार्यालय | १००० | १०००० | १०० |
| ग | बिकास बैंक प्रति शाखा कार्यालय | १००० | १०००० | १०० |
| घ | फाइनान्स कम्पनी, वित्तीय सहकारी संस्था मुख्य कार्यालय | ५०० | ३००० | १०० |
| ङ | फाइनान्स कम्पनी, वित्तीय सहकारी संस्था प्रति शाखा कार्यालय | ५०० | ३००० | १०० |
| च | लघुवित्त बिकास बैक शाखा कार्यालयहरु | ५०० | ३००० | १०० |
| छ | विमा कम्पनीहरु | ५०० | ३००० | १०० |
| ज | मनी एक्सचेन्जर तथा मनि | ५०० | १५०० | १०० |

| | | | | |
|---|---|---|---|---|
| | ट्रान्सफर | | | |
| २० | **पेट्रोलियम पदार्थ** | | | |
| क | पेट्रोलियम पदार्थ पम्प भएको | १००० | ५००० | १०० |
| ख | ग्यास सिलिण्डर विक्री डिलर तथा मट्टीतेल समेत बिक्री गर्ने | ५०० | १२०० | १०० |
| २१ | **कवाडी समान, खालि वोरा खरिद बिक्री** | | | |
| क | कवाडी सामग्रीहरु बिक्री बितरण गर्ने | ३०० | ९०० | १०० |
| २२ | **बांस तथा ढुंगा, गिट्टी जम्मा गरी बिक्री गर्ने** | | | |
| क | ढुङ्गा तथा गिट्टी बिक्री बितरण गर्ने | १००० | ५००० | १०० |
| ख | साधारण कोइरी सञ्चालन | ५०० | २००० | १०० |
| ग | क्रसर उद्योग सञ्चालनका लागि सिफारिस दस्तुर | १००० | १०००० | १०० |
| घ | सम्बन्धित निकायमा दर्ता भई आएका क्रसर उद्योगलाई इजाजत दस्तुर | १००० | १०००० | १०० |
| २३ | **फर्निचर एवं फिक्चर्स** | | | |
| क | स्टील, काठ आल्मूनियमको फर्निचर पसल | ५०० | १५०० | १०० |
| ख | आल्मुनियम पसल | ५०० | १५०० | १०० |
| ग | सिसा पसल | ५०० | १००० | १०० |
| घ | फर्निचर पसल | ५०० | १००० | १०० |
| ङ | साना फर्निचर पसल | ५०० | ८०० | १०० |
| २४. | स्नुकर तथा पुल हाउस | ५०० | १५०० | १०० |
| २५ | विज्ञापन सेवा | ५०० | १५०० | १०० |
| २६ | स्वदेशी तथा विदेशी रोजगार कन्सलटेन्सी | ५०० | २५०० | १०० |

| | | | | |
|---|---|---|---|---|
| २७ | सेक्रेटरियल सेवा | ५०० | २५०० | १०० |
| २८ | हाउजिङ्ग कम्पनी तथा घर जग्गा खरिद विक्री | १००० | ५००० | १०० |
| २९ | चिकित्सक | ७५० | २५०० | १०० |
| ३० | पशु चिकित्सक | ५०० | १५०० | १०० |
| ३१ | दन्त चिकित्सा सेवा | ५०० | १५०० | १०० |
| ३२ | इन्जिनियरिग परामर्श सेवा | ७५० | २५०० | १०० |
| ३३ | कानून व्यवसायी / लेखापढी व्यवसाय | ५०० | १००० | १०० |
| ३४ | विमा एजेन्ट / शेयर दलाल | ५०० | १००० | १०० |
| ३५ | कबिराज | ५०० | १००० | १०० |
| ३६ | अनुसन्धानकर्ता परामर्श दाता | ५०० | १००० | १०० |
| ३७ | कन्सल्टयाण्ट सेवा | ७५० | २५०० | १०० |
| **३८** | **निर्माण व्यवसाय दर्ता/ नवीकरण /सिफारिस** | | | |
| क | श्रेणी क | | १०००० | १०० |
| ख | श्रेणी ख | | ८००० | १०० |
| ग | श्रेणी ग | | ७००० | १०० |
| घ | श्रेणी घ | १०००० (इजाजत दस्तुर) | ३००० न्युनतम र कारोबार रकमको ०.०५ प्रतिशत नवीकरण शुल्क | १०० |
| | असोज मसान्तसम्म तोकिए बमोजिम नवीकरण शुल्क र सोभन्दा पछि चैत्रमसान्तसम्म नवीकरण गर्न आएमा दोब्बर शुल्क लाग्नेछ । | | | |
| ङ | विदेशी निर्माण व्यवसायी भएमा क श्रेणी बराबर | | | |
| च | घर निर्माण ठेकेदारी व्यवसाय | २०० | १००० | १०० |
| **३९** | **साईनबोर्ड लेख्ने (पेन्टर)** | २०० | ५०० | १०० |
| ४० | **हाउजिंग कम्पनी (जग्गा खरिद बिक्री)** | ५०० | २५०० | १०० |
| ४१ | **लेखा परीक्षण व्यवसाय तर्फ** | | | |

| | | | | |
|---|---|---|---|---|
| क | लेखा परीक्षण व्यवसाय श्रेणी क | ५०० | १५०० | १०० |
| ख | लेखा परीक्षण व्यवसाय श्रेणी ख | ५०० | १००० | १०० |
| ग | लेखा परीक्षण व्यवसाय श्रेणी ग | ५०० | १००० | १०० |
| घ | कम्प्युटर एनालिस्ट तथा प्रोग्रामर | ५०० | ९०० | १०० |
| ङ | अनूवादक | ५०० | ९०० | १०० |
| ४२ | **शिक्षा सेवा** | | | |
| क | संस्थागत क्याम्पस | १००० | ५००० | १०० |
| ख | संस्थागत विद्यालय माध्यमिक तह | ५०० | ३००० | १०० |
| ग | संस्थागत विद्यालय आधारभूत तह | ५०० | १५०० | १०० |
| घ | संस्थागत विद्यालय पूर्व प्राथमिक तह | ५०० | १००० | १०० |
| ङ | छात्र / छात्रावास | ५०० | १५०० | १०० |
| च | मन्टेश्वरी तथा शिशू स्याहार केन्द | ५०० | १००० | १०० |
| छ | पोली टेक्निकल इन्स्टिच्युट, प्रशिक्षण समेत | ५०० | १००० | १०० |
| ज | नर्सिङ,सि.एम.ए. र एच.ए. प्रशिक्षण केन्द्र समेत | ५०० | १००० | १०० |
| झ | एजुकेशनल कन्सल्टेन्सी सेवा | ५०० | १००० | १०० |
| ञ | तालिम तथा अनूसन्धान केन्द्र | ५०० | १००० | १०० |
| ट | कम्प्यूटर/ईलेक्ट्रो.तालिम/ भाषा शिक्षा /कोचिङ सेन्टर /सवारी चालक तालीम केन्द्र | ५०० | १००० | १०० |

| | | | | |
|---|---|---|---|---|
| ठ | संगीत /डान्स तालिम केन्द्र/जिमखाना (फिटनेश सेन्टर) | ५०० | १००० | १०० |
| ४३ | **गैर सरकारी संस्थाहरु** | | | |
| क | अन्तर्राराष्ट्रिय गैर सरकारी संस्थाहरुका शाखा कार्यालय | ५०० | १५०० | १०० |
| ख | राष्ट्रिय स्तरका तथा जिल्लास्तरमा कार्यक्रम गर्ने गैससका शाखा/कार्यालय | ३०० | १००० | १०० |
| ग | स्थानीय पालिका स्तरमा मात्र कार्यक्रम गर्ने गैससका शाखा/कार्यालय | २०० | ५०० | १०० |
| ४४ | **स्वास्थ सेवा** | | | |
| क | चश्मा पसल श्रेणी डाक्टर सहित भएमा | ५०० | २५०० | १०० |
| ख | ल्याब तथा अन्य औषधी पसलहरू | ५०० | १००० | १०० |
| ४५ | **पशुपंक्षीको आहार /दाना बिक्री पसल** | ५०० | १००० | १०० |
| ४६ | **डिपार्टमेन्टल पसल** | | | |
| क | डिपार्टमेन्टल स्टोर मुख्य सडकमा भएको | ५०० | १५०० | १०० |
| ख | डिपार्टमेन्टल स्टोर शाखा सडकमा भएको | ५०० | १००० | १०० |
| ४७ | **गिफ्ट तथा फोटो फ्रेम फसल** | ५०० | १००० | १०० |
| ४८ | **बांसको नाग्लो, डोको, कुचो बिक्री** | | | |
| क | बांसको नाग्लो, डोको, कुचो होलसेल बिक्रि | २०० | ५०० | १०० |
| ख | बांसको नाग्लो, डोको, कुचो | २०० | ५०० | १०० |

| | | | | |
|---|---|---|---|---|
| | खुद्रा बिक्री | | | |
| ४९ | **दालचिनी, अलैची, सुकमेल, सुपाडी बिक्री गर्ने** | २०० | ५०० | १०० |
| क | पुजा सामग्री हरु विक्रि गर्ने पसल | २०० | ५०० | १०० |
| ५० | **लूब्रिकेसन सेक्सन तर्फ** | | | १०० |
| क | लूब्रिकेसन डिस्टिव्युटर्स | ५०० | १००० | १०० |
| ख | लूब्रिकेसन खूद्रा बिक्री | ५०० | १००० | १०० |
| ५१ | **विविध विषयका सामान सप्लायर्स तथा एजेन्सीहरु** | ५०० | १००० | १०० |
| ५२ | **फलफूल / पान पसल** | | | |
| क | फलफूल थोक पसल | ५०० | १५०० | १०० |
| ख | फलफूल खुद्रा पसल मुख्य सडक | २०० | १००० | १०० |
| ग | फलफूल खुद्रा पसल सहायक सडक | २०० | ५०० | १०० |
| घ | सागसब्जी थोक पसल | २०० | ५०० | १०० |
| ङ | सागसब्जी खुद्रा पसल | २०० | ५०० | १०० |
| च | पान पसल | २०० | ५०० | १०० |
| छ | अलैंची ,अदुवा ,अमलिसो | ५०० | १५०० | १०० |
| ५३ | **छापाखाना** | | | |
| क | अफसेट सिलिण्डर सहित प्रेस | ५०० | १५०० | १०० |
| ख | छापाखाना | ५०० | १००० | १०० |
| ग | स्क्रिन प्रिन्ट | २०० | १००० | १०० |
| ५४ | **नर्सरी अन्य** | | | |
| क | चिया नर्सरी | ५०० | १००० | १०० |
| ख | नर्सरी(चिया वाहेक) | ५०० | १००० | १०० |
| ५५ | **मोविल रिफाइन उद्योग** | ७५० | २५०० | १०० |
| ५६ | **चाउचाउ उद्योग** | १००० | ५००० | १०० |

| | | | | |
|---|---|---|---|---|
| ५७ | **कूकिज/पाउरोटी उद्योग** | ५०० | १००० | १०० |
| ५८ | **पापड/चिप्स/फिगर/नूडल्स उद्योग** | ५०० | १००० | १०० |
| ५९ | **सुर्तिजन्य उद्योग** | ७५० | २५०० | १०० |
| क | गुट्का | ७५० | २५०० | १०० |
| ख | बिडी उद्योग | ७५० | २५०० | १०० |
| ६० | **अगर बत्ती तथा मैन बत्ती उद्योग** | ५०० | १००० | १०० |
| ६१ | **दालमोठ उद्योग** | ५०० | १००० | १०० |
| ६२ | **मसला उद्योग** | ५०० | १००० | १०० |
| ६३ | **कपास उद्योग** | ५०० | १००० | १०० |
| ६४ | **इलेक्ट्रिक स्विच बोर्ड बनाउने** | ५०० | १००० | १०० |
| ६५ | **सेलर मिल /फ्लावर मिल** | ५०० | १००० | १०० |
| ६६ | **हलर मिल, चिउरा कुटानी, पेलानी मिल** | ५०० | १००० | १०० |
| ६७ | **छाला/प्लाष्टिक उद्योग** | ५०० | १००० | १०० |
| ६८ | **जुट बाईण्डिंग तर्फ** | | | |
| क | वेत वासको सामाग्री बनाउने उद्योग | ५०० | १००० | १०० |
| ख | मेसिनवाट जुट बाईण्डिंग | ५०० | १००० | १०० |
| ग | हातवाट जुट बाईण्डिंग | ५०० | ९०० | १०० |
| ६९ | डेरी, पोलटी, पशु उद्योग | ५०० | १००० | १०० |
| ७० | गलैचा उद्योग | ५०० | १००० | १०० |
| ७१ | **प्लाईउड उद्योग** | | | |
| क | रु १ करोड १० लाखसम्म पुँजी भएको | ७५० | २५०० | १०० |
| ख | रु १ करोड १० लाख भन्दा बढी पुँजी भएको | ७५० | ३५०० | १०० |
| ७२ | गारमेन्ट उद्योग | ७५० | ४००० | १०० |

| | | | | |
|---|---|---|---|---|
| ७३ | भेनियर उद्योग | ७५० | २५०० | १०० |
| ७४ | **फर्निचर तथा स:मिल** | | | |
| क | स:मिल | ५०० | १५०० | १०० |
| ख | फर्निचर उद्योग मेशीनबाट चल्ने | ५०० | १००० | १०० |
| ग | फर्निचर उद्योग हातबाट चल्ने/ विट उद्योग | ५०० | ८०० | १०० |
| घ | ग्रील उद्योग मुख्य सडक | ५०० | १००० | १०० |
| ङ | ग्रील उद्योग सहायक सडक | ५०० | ८०० | १०० |
| च | पशू आहर उद्योग | ५०० | १००० | १०० |
| ७५ | सिरक डसना उद्योग/पसल | ५०० | ८०० | १०० |
| ७६ | **चिया** | | | |
| क | चिया अर्गानिक हरिया पत्ति | ७५० | २५०० | १०० |
| ख | अर्गानिक चिया उद्योग | ५०० | १५०० | १०० |
| ग | चिया उद्योग अन्य | १००० | ५००० | १०० |
| ७७ | **मिनरल वाटर उद्योग /प्रशोधित पानि उद्योग** | ५०० | १५०० | १०० |
| ७८ | **भांडा उद्योग** | १००० | ५००० | १०० |
| ७९ | **ढाका टोपी पस्मीना उद्योग** | ५०० | १००० | १०० |
| ८० | **मैन बत्ती उद्योग** | ५०० | १००० | १०० |
| ८१ | **ईटा उद्योग** | १००० | ५००० | १०० |
| ८२ | **मौरी फार्म** | २०० | ५०० | १०० |
| ८३ | **तोक्ता लगाएको र अन्य घरेलु उद्योग** | २०० | ७०० | १०० |
| ८४ | **मनोरञ्जन व्यवसाय तर्फ** | | | |
| क | सिनेमा हल । | १००० | ३०००० | १०० |
| ख | सार्वजनिक स्थानमा सर्कस प्रदर्शन गर्नेलाई दैनिक | १००० | | |
| ग | समय समयमा लाग्ने मेलामा | १००० | | |

| | | | | |
|---|---|---|---|---|
| | (मेला ठेकेदारबाट पेशा कर वापत) दैनिक | | | |
| ८५ | केबुल संचालन गर्ने व्यवसाय | | | |
| क | २०० सम्म ग्राहक संख्या भएको | ७५० | १५०० | १०० |
| ख | २०० देखि ५०० सम्म ग्राहक संख्या भएको | १००० | २००० | १०० |
| ग | ५०० देखि माथि ग्राहक संख्या भएको | १००० | २५०० | १०० |
| ८६ | मोबाइल टावर ठूलो | १००० | १०००० | १०० |
| ८७ | मोबाइल टावर सानो | ७५० | ५००० | १०० |
| ८८ | स्टिल, काठ, फर्निचर विक्रेता | २०० | १००० | १०० |
| ८९ | खेलौना, उपहार (गिफ्ट) विक्रेता | ५०० | १००० | १०० |
| ९० | १०० वाटसम्मको रेडियो | ५०० | १५०० | १०० |
| ९१ | विद्युत पोल तथा टेलिफोन पोल र ट्रान्स्फर्मर वार्षिक शुल्क | | | |
| क | विद्युत पोल | - | ५० | - |
| ख | टेलिफोन पोल | - | २५ | - |
| ग | ट्रान्स्फर्मर | - | २५ | - |
| ९२ | सहकारी दर्ता तथा सूचीकरण र नविकरण | | | |
| क | बचत तथा ऋण | १५०० | - | - |
| ख | अन्य | १००० | - | - |
| ९३ | अन्य व्यावसाय तथा पेशाहरू | | | |
| ९४ | कृषि /पशु व्यावसाय सम्बन्धी व्यावसायिक फर्म | ३०० | १००० | १०० |
| ९५ | साना समूहः आमा महिला आदि | २०० | १०० | १०० |

| | | | | |
|---|---|---|---|---|
| ९६ | कृषक समूह समिति | ३०० | ५०० | १०० |
| ९७ | उपभोक्ता समिति वा टोल विकास समिति | २०० | १०० | १०० |
| ९८ | माथि उल्लेख भए बाहेकका व्यवसाय तथा अन्य संस्था वा प्रा लि वा कम्पनीहरु दर्ता हुन आएमा | ५०० | १००० | १०० |

नोट :

१. व्यवसाय दर्ता गर्दा Fire extinguisher / fire ball राखेपछि मात्र दर्ता गरिनेछ ।

२. नविकरणको म्याद आ.व. सकिएको ३ महिना हुने । सो अवधिमा नविकरण गरेमा कुनै थप दस्तुर नलाग्ने । ३ महिना नाघी ६ महिनाभित्र गर्न आएमा थप १० प्रतिशत विलम्ब शुल्क लाग्ने । ६ महिनापछि आ.वर्ष भित्र नविरकण गरेमा थप २५ प्रतिशत र अर्को वर्षदेखि हरेक वर्षको थप ५० प्रतिशत जरिवाना वा विलम्ब शुल्क लाग्ने ।

३. कुनै पनि व्यवसायको प्रमाणपत्र वा अन्य प्रमाणपत्र हराई प्रतिलिपी माग भइ आएमा नविकरण दस्तुर वरावरको शुल्क लिइ प्रतिलिपी दिने ।

## अनुसूची ५

वहाल विटोरी कर (११३२२)

| | | |
|---|---|---|
| १ | **हाट बजार तर्फ** | |
| क | व्यापारजन्य आयतित सामग्री विक्री गर्ने प्रति व्यापारी प्रति दिन (प्रचलित कानुनअनुसार दर्ता भएको) | रू. १०० |
| ख | गाउँपालिकाभित्र उत्पादन भएका कृषिजन्य उत्पादन स्वयं कृषकहरुले उपभोक्ताहरुलाई विक्रि गर्न | निःशुल्क |
| | गाउँपालिकाभित्र उत्पादन भएका कृषिजन्य उत्पादन व्यापारीहरुले विक्रिवितरण गर्न स्थानीय कच्चा पदार्थबाट उत्पादित घरेलु सामाग्री | निःशुल्क |
| ग | पशु चौपाया प्रति गोटा | |
| | गाई भैंसी रागाँ गोरु जिउदो निकासी | रु ४० |
| | बाखा,बंगुर,पाठापाठी,बाछाबाछी,पाडापाडी जिउदो निकासी | रु १५ |
| | बंगुर, सुँगुर, खसीको मासु विक्रि प्रयोजन | रु २०० |
| | राँगा, भैसिको मासु विक्रि प्रयोजन | रु ३०० |
| २ | पटके र घुम्ति व्यवसाय प्रति दिन हाटबजारमा मात्र (प्रचलित कानुनअनुसार व्यवसाय दर्ता भएको हुनुपर्नेछ) | रू. १०० |
| ३ | घुम्ती गाडी (घुम्ती व्यापार) प्रतिदिन हाटबजारमा मात्र (प्रचलित कानुनअनुसार व्यवसाय दर्ता भएको हुनुपर्नेछ) | रू. १५० |
| ४ | ऐलानी जग्गामा बनाएको घर जग्गामा सम्पत्ती कर प्रयोजनको लागि गरिने घर जग्गाको मुल्यांकनको दररेट अनुसार मुल्यांकन गरि प्रति लाख सम्पतिको बार्षिक बहाल | रू. ५० |
| ५ | पसल कवलको रूपमा निर्मित सेड (१०'*६') क्षेत्रफल उपभोग गरेवापतको बहाल प्रतिदिन | रू. १०० |
| ६ | ६० वर्गफूट भन्दा बढीको सेड उपयोग गरेबापत वहाल कर प्रतिवर्गफूट थप | रू २ |
| ७ | पसलको रूपमा खुला स्थान (१०'*६') क्षेत्रफल उपभोग गरेवापतको बहाल प्रतिदिन | रू २५ |
| ८ | ६० वर्गफूट भन्दा बढीको खुला स्थान उपयोग गरेबापत वहाल कर प्रतिवर्गफूट थप | रू. १ |

## अनुसूची-६

## पार्किङ शुल्क (१४२४१)

| | | |
|---|---|---|
| १ | **पार्किङ शुल्क** | |
| क | बस, ट्रक | ५० |
| ख | लहरी (६ टायरभन्दा बढी) | २५ |
| ग | ट्याक्टर ठूलो (४० हर्षपावरभन्दा बढी) | २५ |
| घ | मिनी बस, ट्रक | २५ |
| ङ | ट्याक्टर सानो (४० हर्षपावरभन्दा घटी) | २५ |
| च | निजी कार, भाडा कार | २५ |
| छ | मोटर साइकल, स्कुटर | १५ |
| ज. | विदेशी कार र ट्याक्सी | ५० |

## अनुसूची-७ ज
## डिबुटी, कवाडी जीवजन्तुका आखेटोपहार निकासी कर
## (अन्य राजश्व निकासी शुल्क)
(दफा ७ संग सम्बन्धित)

| सि.नं. | सामान/वस्तुको नाम | इकाई | २०७८/०७९ को प्रस्तावित दररेट |
|---|---|---|---|
| १ | ऊन प्राकृतिक कृत्रिम | प्रति के.जी. | रु. ०.१० |
| २ | खोटो | प्रति के.जी | रु. ०.५० |
| ३ | वनकस खर वावियो मलहल पत्ता छवाली पराल निगालोको पटेर , वगास | प्रति ट्र्याक्टर | रु. ३५ |
| | | प्रति ट्रक | रु.१०० |
| ४ | अम्लिसो कुचो | प्रति के.जी. | रु ०.५० |
| | लोक्ता | प्रति ट्र्याक्टर | रु. ५० |
| | | प्रति ट्रक | रु. १५० |
| ५ | अम्लिसो डाँठ | प्रति ट्र्याक्टर | रु. १०० |
| | | प्रति ट्रक | रु. ३०० |
| ६ | बाँस | प्रति ट्रक | रु. ३०० |
| | | प्रति गोटा | रू. ३ |
| ८ | खयर | प्रति ट्रक | रु. ३५०० |
| | खयर | प्रति ट्र्याक्टर | रु. २५०० |
| ९ | अन्य काठ,गोलिया,चिरान चट्टा,गोलिया, | प्रति ट्याक्टर | रु. ६५० |
| | | प्रति ट्रक | रु. १२०० |
| | | प्रति क्युफिट | रु. ३ |
| | कुकाठ चिरानी | प्रति ट्र्याक्टर | रु. ७५० |
| | | प्रति ट्रक | रु. १४०० |
| १० | सालको वियाँ | प्रति के.जी. | रु. १ |
| ११ | पत्थर कोईला | प्रति के.जी. | रु. १० |
| १२ | कदम दाना | प्रति के.जी. | रु. १ |
| १३ | नागवेली, | प्रति के.जी. | रु. १० |
| १४ | सल्लाको सिम्टा | प्रति के.जी. | रु. १० |
| १५ | लोट सल्ला | प्रति के.जी. | रु. २ |
| १६ | जडिबुटी अन्य | प्रति के.जी. | रु.१/५० |
| १७ | ढुंगा/रुखको झयाउँ | प्रति के.जी. | रु. ३ |
| १८ | चिराईतो | प्रति के.जी. | रु. ५ |
| १९ | पिना | प्रति के.जी. | रु. १ |
| २० | भुस | प्रति के.जी. | रु. १ |
| २१ | सिन्कौली (तेजपत्ता), लेमन, ग्रास | प्रति के.जी. | रु. २ |
| २२ | लप्सी तथा वियाँ | प्रति के.जी. | रु. १ |
| २३ | स्टिप चिरान र भेनियर पत्ती | फुलवडी ट्रक | रु ६०० |
| २४ | टिमुर | प्रति के.जी. | रु. १ |
| २५ | मजिटो | प्रति के.जी. | रु. ५ |
| २६ | वुकिफुल | प्रति के.जी. | रु. ३ |
| २७ | विखमा,कुटकी,जटामसि | प्रति के.जी. | रु. ५ |
| २८ | सिलाजित | प्रति के.जी. | रु. १० |
| २९ | चुथ्रो | प्रति के.जी. | रु. २ |
| ३० | नेपाली कागज | प्रति के .जी | रु. ५ |
| ३१ | अर्गेलीको लोक्ता,कागतेको लोक्ता | प्रति के.जी. | रु. २ |
| ३२ | दाउरा | प्रति ट्र्याक्टर | रु १५० |
| | | प्रति ट्रक | रु ३०० |

| | | | |
|---|---|---|---|
| ३३ | रिठो,अमला,हर्रो,बर्रो, | प्रति के.जी. | रु २ |
| ३४ | एलोभेरा (घिउकुमारी ) | प्रति के.जी. | रु २ |
| ३५ | रुद्राक्ष | प्रति के.जी. | रु.१ |
| ३६ | वेल | प्रति के.जी. | रु २ |
| ३७ | वोझो | प्रति के.जी. | रु २ |
| ३८ | प्रचलित कानुनले निषेध गरे बाहेकका मरेका वा मारिएका पशुपंछीहरुको आखेटोपहार | | |
| ३८ क | पंछीको प्वाख | प्रति के.जी. | रु. ५ |
| ३८ ख | सिंग | प्रति के.जी. | रु. ५ |
| ३८ ग | खुर | प्रति के.जी. | रु. ५ |
| ३८ घ | छाला | प्रति के.जी | रु. २० |
| ३९ | ढुंगा | प्रति घन मिटर | रु. २५ |
| ४० | वालुवा | प्रति घन मिटर | रु. ३० |
| ४१ | गिटी | प्रति घन मिटर | रु. ३० |
| ४२ | ग्रावल | प्रति घन मिटर | रु. ३० |
| ४३ | इटा | प्रति ट्र्याक्टर | रु. १०० |

## अनुसूची-८ सवारी साधन कर (१४५२२)

| १ | सवारी दर्ता तथा वार्षिक सवारी कर | दर्ता/नवीकरण | वार्षिक कर |
|---|---|---|---|
| | सवारी दर्ता शुल्क(सबै प्रकारका सवारीमा) | १०० | |
| | सवारी दर्ता नवीकरण शुल्क(सबै प्रकारका सवारीमा) | ५० | |
| क | टेम्पो अटो रिक्सा | | ५०० |
| ख | पावर टिलर,तथा मिनि ट्र्याक्टर | | ५०० |
| ग | प्रत्येक आ. व. समाप्त भएको असोज मसान्तभित्र नवीकरण गरेमा वार्षिक सवारी कर मात्र असुल गरिने र तीन महिना पछि नवीकरण गर्न आउनेको हकमा वार्षिक सवारी करको २५% प्रतिवर्षको दरले थप जरिवाना लाग्ने लाग्नेछ । | | |
| | अन्य सवारी साधनको हकमा प्रदेश कानून बमोजिम हुनेछ । | | |

## अनुसूची ९ विज्ञापन कर (११४७२)

| १ | होडिङ्ग बोड | |
|---|---|---|
| क | होर्डिङ्ग वोर्ड आफ्नै फर्मको मात्र | निःशुल्क |
| ख | आफ्नै होर्डिङ वोर्डमा पनि अन्य कम्पनीको प्रचार भएमा | रू ५०/- प्रति वर्ग फूट |
| ग | अन्य विज्ञापन वोर्डको हकमा | रू १००/- प्रति वर्ग फिट |

## अनुसूची १० मनोरन्जन कर (११४७३)

| सि.नं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | ३ दिन सम्मको कार्यक्रम, पर्व मेला महोत्सव | रु. ५०० प्रतिदिन | |
| २ | ३ देखि ७ दिन सम्मको कार्यक्रम, पर्व मेला महोत्सव | रु. ७०० प्रतिदिन | |
| ३ | ८ देखि १५ दिन सम्मको कार्यक्रम, पर्व मेला महोत्सव | रु. ९०० प्रतिदिन | |
| ४ | १६ दिनदेखि माथि सम्मको कार्यक्रम, पर्व मेला महोत्सव | रु. १५०० प्रतिदिन | |

## अनुसूची ११ - सिफारिस दस्तुर (१४२४३)

| क.स. | विवरण | दर्ता दस्तुर तथा शुल्क |
|---|---|---|
| १ | **निजी बनको रुख कटान सिफारिस** | |
| क | खयर | प्रति गोटा २०० |
| ख | अन्य रुख | प्रति गोटा ५० |
| २ | **नागरिकता सिफारिस** | |
| क | वंशज र अंगीकृत | ३०० |
| ख | वैवाहिक अंगिकृत | १५०० |
| ग | प्रतिलिपि | ५०० |
| ङ | नागरिकता लगायत सरजमीन सिफारिश दस्तुर | ५०० |
| ३ | **निवेदन तथा सिफारिस दस्तुर** | |
| क | निवेदन दस्तुर नियमानुसार लाग्ने | ५० |
| ख | नक्कल दस्तुर नियमानुसार लाग्ने | ३०० |
| ग | नेपाली/अंग्रजी सिफारिसको प्रमाणित गर्दा प्रतिपाना | ३०० |
| घ | नक्कल दस्तुर सिफारिस | ३०० |
| ङ | नक्शा पासको नक्कल दस्तुर | १००० |
| च | धारा विद्युत जडान | ३०० |
| छ | बैदेशिक रोजगार प्रमाणित | ५०० |
| ज | नाबालक परिचयपत्र सिफारिस | १०० |
| झ | आदिबासी जनजाती दलित प्रमाणित सिफारिस | ३०० |
| ञ | अपाङ्गता आर्थिक सहायता तथा कोर्ट फि मिनाहा सिफारिस | निशूल्क |
| ट | आयोजना सिफारिस दस्तुर (अन्य निकायमा गाउँपालिकाले गर्ने) | १०० |
| ठ | मिलापत्र दस्तुर (दुवै पक्षबाट आधा/आधा बेहोरिने गरी) | न्युनतम रू १००० वा जरिवानाको २ प्रतिशत |
| ४ | **घर कायमको सिफारिश (घर सम्पन्न एवं अभिलेखिकरण प्रमाण पत्रको आधारमा मात्र सिफारिस गर्ने)** | |
| क | पक्कि घर (आर.सि.सि.) | ५०० |
| ख | कच्चि घर (ढुङ्गा माटो) | ३०० |
| ग | सरजमीन सिफारिश दस्तुर | ५०० |
| घ | उजुरी तथा मुद्दा दस्तुर | १०० |
| ङ | चालचलन, तीन पुस्ते, नाता सम्बन्ध सम्बन्धी सिफारिश नेपाली | ३०० |
| च | विद्युत, खानेपानीको सिफारिश लगाएत गा.पा.को कुनै पनि दायित्व बाँकी भएमा सिफारिस नगरिने (नक्सा पास नगर्नेलाई सिफारिस नगर्ने ) | ३०० |
| ५ | **व्यवसाय तथा अन्य सिफारिस** | |
| क | व्यवसाय नामसारी सिफारिश दस्तुर | ५०० |
| ख | व्यवसाय बन्द सिफारिश दस्तुर | २०० |
| ग | कोठा खाली गराईदिने/साँध सीमाना सम्बन्धी उजुरी निवेदन दस्तुर | ३०० |
| घ | कोठा खाली गराईदिए बापत दस्तुर | ३०० |
| ङ | दशै मेला उत्सव वा महोत्सव आदिको लागि अनुमति सिफारिस दस्तुर | १००० |
| च | पति पत्नी सम्बन्ध विच्छेद सम्बन्धी निवेदन दस्तुर | १००० |
| छ | पति पत्नी सम्बन्ध विच्छेद सम्बन्धी सिफारिस | १००० |
| ज | माथि बाहेकका अन्य सिफारिस | ३०० |
| झ | वर्कसप, ग्यारेज लगायतका फर्महरु सिफारिस दस्तुर | ३०० |
| ञ | व्यवसाय प्रमाण पत्रको कार्डको दस्तुर | १०० |
| ट | व्यवसाय प्रमाण पत्रको प्रतिलिपि कार्डको दस्तुर | १५० |
| ६ | **चार किल्ला प्रमाणित सिफारिस दस्तुर (रजिष्ट्रेशन प्रयोजनको लागि)** | |
| क | घडेरी जग्गाहरु १ रोपनी सम्म | ४०० |
| ख | घडेरी जग्गाहरु १ रोपनी भन्दा बढी | ५०० |
| ग | खेति योग्य जग्गाहरु २० रोपनी सम्म | ४०० |
| घ | खेति योग्य जग्गाहरु २० रोपनी भन्द बढी | ५०० |
| ७ | **जग्गा नामसारी सिफारिस दस्तुर** | |
| क | १० रोपनीसम्म | ४०० |
| ख | १० देखि २० रोपनीसम्म | ६०० |
| ग | २० देखि ४० रोपनीसम्म | ८०० |
| घ | ग्रामीण क्षेत्रको २० रोपनी भन्दा माथि प्रति रोपनी रु १० का दरले थप हुदैं जाने । | |
| ङ | ४० रोपनी भन्दा माथि | १२०० |
| ८ | जन्म तथा बसाइ सराई मिति प्रमाणित (२०४७ अघि) | ५०० |
| ९ | मृत्यु तथा विवाह प्रमाणित (२०४७ अघि) | ५०० |

| | | | |
|---|---|---|---|
| १० | **पेन्सनपट्टा सिफारिस** | | |
| क | नेपाली (नेपाली सेना तथा प्रहरी) | ५०० | |
| ख | विदेशी (नेपाली सेना तथा प्रहरी) | १५०० | |
| ग | बसाइ सराई जादा लाने सिफारिस | ५०० | |
| ११ | **आय हैसियत प्रमाणित विदेश अध्ययन गर्न जाने विद्यार्थी को लागि** | | |
| क | रु ३०००००० सम्मको | २००० | |
| ख | रु ३०००००० भन्दा माथि | ५००० | |
| १२ | **जडीबुटी बिक्री वितरण सिफारिस** | **प्रतिकेजी रु २** | |
| १३ | **जग्गामा बाटो भए/नभएको सिफारिस** | | |
| | | बाटो भए | नभएको |
| क | जुनसुकै स्थानको जतिसुकै जग्गा भएपनि | ५०० | ५०० |
| ख | घर भएको सिफारिस गर्दा घरको मुल्याङ्नको आधारमाः घरको मूल्याङ्कन रकमको ०.०१ प्रतिशत लाग्ने | | |
| १४क | पुर्जामा वा अन्य सिफारिस फोटो टाँस सिफारिस | ५०० | |
| १४ख | संघ संस्था दर्ता सिफारिश दस्तुर | १००० | |
| १४ग | संघ संस्था नवीकरण सिफारिश दस्तुर | ५०० | |
| १५ | **मोही लगत कट्टा सिफारिश** | | |
| क | १ रोपनीसम्मको | १००० | |
| ख | १ रोपनीदेखि माथि प्रति रोपनी थप | ५०० | |
| १६ | **उद्योग स्थापना सिफारिश दस्तुर** | | |
| क | १) ठुलो उद्योग | ३००० | |
| ख | २) मझौला उद्योग | २००० | |
| ग | ३) घरेलु उद्योग | ८०० | |
| घ | करचुक्ता प्रमाणित सिफारिस | ८०० | |
| १७ | **निजी विद्यालय स्थापना सिफारिश** | | |
| क | नयां विद्यालय स्थापना गर्न | ३००० | |
| ख | थप कक्षा सिफारिश प्रति कक्षा रु. | २००० | |
| ग | विद्यालय ठाउं सारीको सिफारिश | २००० | |
| ङ | माथि बाहेकको अन्य नखुलेको सिफारिस | ३०० | |
| १८ क | अमिन फिल्ड चेक दस्तुर गाउँपालिका भरी ५ रोपनी जग्गासम्म | २५०० | |
| १८ख | अमिन फिल्ड चेक दस्तुर गाउँपालिका भरी ५ रोपनी | सि.न.१८ क मा प्रतिरोपनि रु | |

| | | |
|---|---|---|
| | जग्गाभन्दा माथि | १०० थप |
| १९ | कुनै व्यक्ति उपर मुद्दा दर्ता गर्नु परेमा दर्ता शुल्क | ५०० |
| २० | घर कोठा खालि गरे गराए वापत (सरजमिन दस्तुर वाहेक) | ५०० |
| २१ | घरको मूल्यांकन | प्रति हजार रु ५ (कायम मुल्यांकनको) |
| २२ | वार्षिक आम्दानी प्रमाणित | प्रति हजार रु २ (कायम मूल्यांकनको) |
| २३ | सम्पत्ति मूल्यांकन दस्तुर बैकिङ/आन्तरिक प्रयोजनका लागि | प्रति हजार रु २।०० का दरले |
| २४ | सम्पत्ति मूल्यांकन दस्तुर वैदेशिक प्रयोजनका लागि | प्रति हजार रु ३।०० का दरले |
| २५ | दर्ता भएको बन्दुक नविकरण सिफारिस | ५००० |
| २६ | **बिक्रि आय** | |
| क | योजना किताब | **रु. ५००** |
| ख | ऐन नियम कार्यविधि तथा अन्य किताबहरु | मूल्य तोकिए बमोजिम |
| ग | कार्यालयको कागजात उतार प्रतिलिपि | रु. ५ प्रतिपाना |

## अनुसूची-१२ घर नक्सापास दस्तुर (१४२४२)

| | | |
|---|---|---|
| १ | **घर नक्शा पास दस्तुर** | |
| क | आर सि सि फ्रेम स्टक्चर भएको घर निर्माण प्रति वर्ग फिट | ५ |
| ख | लोड ल्यारिङ रड भएको घर निर्माणप्रति वर्ग फिट | ३ |
| ग | कच्ची घर निर्माण प्रतिवर्ग फिट | २ |
| घ | टहरा निर्माण प्रतिवर्ग फिट | १ |
| ङ | पुरानो घर प्रति वर्ग फिट | २ |
| | प्रकोपबाट क्षति भएको घर पुननिर्माण गर्दा ५०% छुट दिने | |
| ३ | **अभिलेखिकरण दस्तुर** | |
| क | | |
| ख | नक्शा पास निवेदन फारम दस्तुर | ५०० |
| ग | निर्माण सम्पन प्रमाण पत्र | १००० |

| | | |
|---|---|---|
| घ | नामसारी प्रति घर | १००० |
| ङ | स्थलगत सरजमिन अमिन रेखाङ्कन | ५०० |
| च | भवनको स्थलगत निरिक्षण दस्तुर प्राबिधिक ले आउट | ५०० |
| छ | २०७२ चैत्र मसान्त सम्म निर्माण भएका घरको अभिलेखिकरण प्रति वर्ग फिट | ७ |
| ज | २०७२ चैत्र मसान्त पछि निर्माण भएका घरको अभिलेखिकरण | १२ |
| झ | २०७२ चैत्र मसान्त सम्म निर्माण भएका कच्ची घरको अभिलेखिकरण | ४ |
| ४ | **सम्पत्ति मूल्याङ्कन दस्तुर प्रति हजार रु. २/०० का दरले** | |

## अनुसूची-१३- सरसफाई शुल्क (१५११५)

| | | |
|---|---|---|
| **५** | **सरसफाई शुल्क** | |
| क | पारिवारिक लगत कार्ड/सरसफाई कार्डको दस्तुर नया | १०० |
| ख | पारिवारिक लगत/सरसफाई कार्डको प्रतिलिपी दस्तुर | ५० |
| घ | ठुला होटलहरु प्रति महिना | ५०० |
| ङ | निजि अस्पताल प्रति महिना(सिरिन्ज र अपरेसनबाट निष्काशित हुने फोहरबाहेक) | ५०० |
| च | हार्डवेयर लगायतका ठुला पसलहरु प्रति महिना | २०० |
| छ | फलफूल तरकारी लगायतका फोहोर धेरै उत्पादन गर्ने पसलहरु | २०० |
| ज | तिन तला वा सो भन्दा माथिको घर (घर धनीले तिर्ने) प्रति महिना | २०० |
| झ | अन्य दुइ तला सम्मको घर प्रति महिना | २०० |
| ञ | हेयर सैलुन | १५० |
| ट | किराना पसल | १०० |
| ठ | कपडा पसल | १०० |
| ड | जुत्ता पसल/सुज सेन्टर | १५० |
| ढ | कस्मेटिक पसल होलसेल | २०० |
| ण | कस्मेटिक पसल खुद्रा | १०० |
| त | सुन चाँदी पसल | १०० |
| थ | बैंक तथा वितीय संस्था/बिमा कम्पनीको कार्यालय | २०० |
| द | मेनपावर/ईन्स्टिच्युट/फोटो स्टुडियो | २०० |
| ध | ब्युटी पार्लर | १५० |
| न | पान/चटपटे पसल | १०० |
| प | मेडिकल हल | २०० |
| फ | साना तरकारी पसल,फलफूल पसल | १५० |
| ब | फेस हाउस/दाना डिलर | २०० |
| भ | नास्ताघर | १५० |
| म | इलेक्ट्रोनिक्स सेन्टर | २०० |
| य | भाँडा पसल | १५० |
| र | टेलरिङ सेन्टर | २०० |
| ल | ग्यारेज एण्ड वर्कसप | २०० |
| व | छापाखाना | २०० |
| श | स्टेशनरी | २०० |
| ष | फर्निचर/ग्रिल सेन्टर | २०० |
| स | सिरक/डस्ना सेन्टर | २०० |

## अनुसूची १४- सडकवत्ती तथा ढल उपभोग शुल्क

| | | |
|---|---|---|
| क | सडक वत्ती उपयोग गरेबापत हरेक घरधुरीलाई प्रतिमहिना विद्युत महसुल प्रयोजनका लागि | रू १०० |
| ख | सिसि क्यामेरा उपयोग शुल्क सुरक्षा प्रयोजनका लागि | रू १०० |

## अनुसूची-१५

अन्य सेवा शुल्क तथा विक्रि र भाडा (१४२१९)

| | | |
|---|---|---|
| १ | **ओभर हेड प्रोजेक्टर प्रति दिन** | १००० |
| २ | **फर्म सुचिकृत गर्दा** | ३०० |
| ३ | **जेसिभि भाडा (प्रति घण्टा इन्धन बाहेक) गाउँपालिकाको हकमा** | १५०० |
| ४ | **गाउँ दररेट पुस्तिका तथा रातो किताब विक्रि (प्रति थान)** | १००० |
| ५क | ग्राभेल,ढुङ्गा,गिट्टि,बालुवा आन्तरिक प्रति घन मिटर | २०० |
| ५ख | ढुङ्गा गिट्टि बालुवा गाउँपालिका बाहिर निकासीको लागि | थप रु ५० |
| ५ग | तोकिएको समय र स्थानभन्दा बाहिरबाट ढुङ्गा,गिटी र बालुवा उत्खनन् गरेमा | |
| | प्रति ट्रिपर | ५००० |
| | प्रति ट्रक | ४००० |
| | प्रति ट्रयाक्टर | २५०० |
| ६ | **विविध** | |
| क | पिकनिक स्पोट (प्रति ग्रुप) | ५०० |
| ख | जलविद्युत आयोजना (हाइड्रो) प्रति मेगावाट प्रतिवर्ष | १००० |
| ग | सेप्टि ट्याङ्क सफाई प्रति ट्रिप | ६००० |
| घ | गाउँपालिका श्रोत केन्द्र अध्ययन केन्द्र उपभोग शुल्क | रू १०० प्रति घण्टा |
| ङ | गाउँपालिका बैठककक्ष उपलब्ध गराएवापत | प्रतिदिन रू २००० |
| च | गाउँपालिका हल सुविधा सहित उपलब्ध गराएवापत | प्रतिदिन रू २५०० |

## अनुसूची-१६

## व्यक्तिगत घटनादर्ता दस्तुर (१४२४४) पटके

| | | |
|---|---|---|
| १६ | व्यक्तिगत घटना दर्ता शुल्क | |
| क | ३५ दिन भित्र दर्ता गर्न आए | निःशुल्क |
| ख | ३५ दिन पछि दर्ता गर्न आए | रू ८ |
| | ७० दिनपछि दर्ता गर्न आए | रू ५०० |
| ग | व्यक्तिगत घटनादर्ता प्रमाण पत्रको प्रतिलिपी | रू ५०० |
| घ | घटना दर्ता प्रमाणपत्रमा संशोधन | रू ५०० |

व्यक्तिगत घटना दर्ता सम्बन्धी कुनै प्रमाणित कागजात माग गर्न आए रू ५०० दस्तुर लिइ दिन सकिनेछ । ३५ दिन भित्र दर्ता गर्न आउनेलाई प्रोत्साहन प्रदान गर्न सकिनेछ ।

## अनुसूची -१७ – नाता प्रमाणित दस्तुर

(दफा ८ ञ संग सम्बन्धित)

नाता प्रमाणित दस्तुर पटके (१४२४५)

| | | |
|---|---|---|
| १ | **नाता प्रमाणित दस्तुर** | |
| क | नाता प्रमाणित दस्तुर अङग्रेजी | ५०० |
| ख | नाता प्रमाणित दस्तुर अङग्रेजी | ३५० |
| ग | नाता प्रमाणित सम्शोधन | ५०० |

## अनुसूची-१८ सडक तथा अन्य पूर्वाधार उपभोग शुल्क

(दफा ८ ट संग सम्बन्धित)

**सडक पूर्वाधार सेवा उपयोग शुल्क**

गाउँपालिकाले निर्माण गरी पूर्वाधार उपयोग कर लगाउने भनी तोकेको सडक संरचनाहरुमा सवारी साधनहरूलाई देहाय अनुसार बार्षिक शुल्क लगाउने ।

क) ट्रिपर रू. ८०००
ख) निजी तथा भाडाका ट्रक वस लरी आदि रू. ५०००
ग) ट्र्याक्टर रू. ४०००
घ) मिनिबस मिनि ट्रक मिनिट्र्याक्टर रू. २०००
ङ) निजी तथा भाडाका जीप कार रू १०००
च) टेम्पो पावर टिलर रू. ५००
छ) जेसिभि लगायतका हेभि इक्विपमेन्ट रू. १००००

## अनुसूची-१९ शिक्षाक्षेत्रको आम्दानी

(दफा ८ ठ संग सम्बन्धित)

**शिक्षा क्षेत्रको आम्दानी**

१. विद्यालय कक्षा थपको अनुमति प्रदान गर्न देहाय अनुसारको शुल्क लाग्नेछ ।

क) आधारभूत तह कक्षा १ देखि कक्षा ८ सम्म प्रतिकक्षा रु ३०० का दरले ।

ख) माध्यमिक तह कक्षा ९ देखि १२ सम्म प्रतिकक्षा रु १००० का दरले

२. व्यवस्थापन समितिले नियुक्ति गरेका शिक्षकको नियुक्ति समर्थन शुल्क देहाय अनुसार लाग्ने ।

क) आधारभूत तह रू ५००
ख) माध्यमिक तह रू १०००
ग) प्रधानाध्यापक
-माध्यमिक तह रू १५००
-आधारभूत तह रु १०००

३. संस्थागत विद्यालयको लब्धांकपत्र बापत प्रति लब्धांकपत्र रु १००

४. लब्धांकपत्रको प्रतिलिपि दस्तुर सबै विद्यालय रू १५०